

**के तपाईको घर पानीले रसाएको छ ?**

अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १०५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० बैशाख १६ गते शनिबार ❑ 29 April 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## गण्डकीका मुख्यमन्त्री र दुई मन्त्रीको शपथ

**पोखरापत्र संवाददाता**
पोखरा, १५ बैशाख

गण्डकी प्रदेशका नवनियुक्त मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेसहित दुई बिनाविभागीय मन्त्रीले पद तथा गोपनीयताको शपथ लिनुभएको छ।

शुक्रबार प्रदेश प्रमुखको निवासमा आयोजित समारोहमा प्रदेश प्रमुख पृथ्वीमान गुरुङले मुख्यमन्त्री र मन्त्रीलाई पद तथा गोपनीयताको शपथ गराउनुभएको हो। बिनाविभागीय मन्त्रीका रूपमा प्रदेशसभा सदस्य सुशीला सिम्खडा र सरस्वती अर्याल तिवारीले शपथ ग्रहण गर्नुभएको हो । सिम्खडा नेकपा (माओवादी केन्द्र) र तिवारी नेपाली कांग्रेसबाट प्रदेशसभा सदस्यमा निर्वाचित हुनुभएको थियो । मन्त्रिपरिषद् विस्तार र नवनियुक्त मन्त्रीहरूको जिम्मेवारी बाँडफाँट छिट्टै हुने मुख्यमन्त्रीको कार्यालयले जनाएको छ।



प्रदेश प्रमुख गुरुङले संविधानको धारा १६८ को उपधारा (२) बमोजिम कांग्रेस संसदीय दलका नेता पाण्डेलाई बिहीबार मुख्यमन्त्रीमा नियुक्त गर्नुभएको थियो।

कांग्रेसका २७, माओवादी केन्द्रका सात र नेकपा (एकीकृत समाजवादी)का एकसहित प्रदेशसभाका ३५ सदस्यको समर्थनमा नेपाली कांग्रेसका पाण्डे गण्डकी प्रदेशको चौथो मुख्यमन्त्री बन्नुभएको हो । नवनियुक्त मुख्यमन्त्री गत मङ्सिरमा भएको प्रदेशसभा निर्वाचनमा गोरखा-२ (२) बाट निर्वाचित हुनुभएको थियो। कांग्रेस केन्द्रीय सदस्यसमेत रहनुभएका मुख्यमन्त्री पाण्डे विद्यार्थीकालदेखि नै राजनीतिमा सक्रिय व्यक्तित्व हुनुहुन्छ। प्रदेशसभाबाट विश्वासको मत गुमाउँदै नेकपा (एमाले) नेतृत्वको सरकार ढलेपछि गण्डकीमा नयाँ संयुक्त सरकार बनेको हो। यसैगरी गण्डकी प्रदेश सरकारका नवनियुक्त मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पदभार ग्रहण गर्नुभएको छ। शुक्रबार पद तथा गोपनीयताको शपथ लिएसँगै उहाँले मुख्यमन्त्री कार्यालयमा पदभार ग्रहण गर्नुभएको हो । सो अवसरमा उहाँले आगामी आवका लागि प्रदेश सरकारको नीति तथा कार्यक्रम निर्माणका लागि प्रमुख सचिवको नेतृत्वमा कार्यदल गठन गर्ने निर्णयमा हस्ताक्षर गर्नुभएको थियो । नवनियुक्त पाण्डेले उत्पादन र आर्थिक गतिविधिसँग जोडिने आयोजना सञ्चालनलाई प्रदेश सरकारले प्राथमिकतामा राख्ने बताउनुभयो । "प्रदेशले अर्काको मुखमात्र ताकेर यो जना बनाउनुपर्ने अवस्था हुनुहुँदैन, आम्दानीका स्रोत बढाउने, आर्थिक गतिविधिलाई प्रभावकारी बनाउनेमा सरकारको जोड रहन्छ", उहाँले भन्नुभयो।

पर्यटन, कृषि, जलविद्युत् लगायत क्षेत्रको विकासलाई प्रदेश सरकारले प्राथमिकतामा राखेर काम गर्ने उहाँको भनाइ छ । मुख्यमन्त्री पाण्डेले एक साताभित्रैमा मन्त्रिपरिषद्ले पूर्णता पाउने बताउनुभयो। उहाँले मन्त्रालयको सङ्ख्या पनि नथपिने प्रष्ट पार्नुभयो।

## गण्डकी प्रदेश प्रमुख गुरुङद्वारा पाठशाला भवन उद्घाटन

**पोखरापत्र संवाददाता**
पोखरा, १५ बैशाख

गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले पोखरा-२२, पुम्दीभुम्दीमा गैरसरकारी संस्था नेपाली गाउँका साथीहरुलगाएतका स्वदेशी तथा विदेशी संस्थाद्धारा नवनिर्मित आमाघर पाठशालाको बहुउद्धेश्यीय नयाँभवन शुक्रबार उद्घाटन गर्नुभएको छ।

उहाँले भवन उद्घाटन गर्दै निजि र सरकारी विद्यालयको साथ साथै गैरसरकारी संस्थाले पनि सुलभ शुल्कमा उच्चस्तरिय शिक्षा प्रदान गने उद्धेश्यले स्थापना भएको आमाघर पाठशालाको शैक्षिक भविष्य उज्ज्वलको कामना गर्दै विद्यालय वनाउन आर्थिक सहयोग गर्ने नेदरल्याण्डका सहयोगी दाताहरुको पनि प्रशसा गर्नुभएको थियो।

साथै सो अवसरमा उहाँले नेदरल्याण्डमा रहेका लाइट अफ लाइफ फाउन्डेसन तथा वाल सेवा फाउन्डेशन र नेपालमा स्थापना गरिएको नेपाली गाउँका साथीहरु र नेपाल बिकास एकेडेमीका पदाधिकारीलाई सम्मान पत्र प्रदान गर्नुका साथै नवनिर्मित भवनको अवलोकन गर्नुभएको थियो। कार्यक्रममा पोखरा-२२ का वडा अध्यक्ष हिमलाल बराल वडा भित्र रहेका सबै शैक्षिक, धार्मिक, सामाजिक भवनहरुको संरक्षण तथा विकासमा अभिभावकीय भुमिका खेल्ने वताउनु भयो । नेदरल्याण्डको गैरनाफामुलक गैरसरकारी संस्था बालसेवाका मार्लिन फिसर र रोबर्ट भ्यानले पनि सहयोगलाई निरन्तरता दिने वताउँदै नेपाली गाउँका साथीहरु संस्था, शिक्षक, कर्मचारीलाई धन्यवाद दिएका थिए । संस्थाका अध्यक्ष डा. नारायण शर्माले स्थानीय बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्दै प्राबिधिक शिक्षाका साथै इन्जिनियरिङ कलेज बनाउने संस्थाको उद्देश्य रहेको वताउनु भयो। नेपाली गाउँका साथीहरू संस्थाका पुर्व अध्यक्ष गोविन्द उपाध्याय, सचिव मोतीप्रसाद पौडेल, अभिभावकहरु झलक बराल, मन्दिरा बराल लगायतले बोल्नुभएको थियो।



कार्यक्रममा विद्यार्थीहरुको साँस्कृतिक प्रस्तुति, तिलाहार आमा समुहको स्वागत गित, नेदरल्याण्डमा रहेर संस्थालाई यहाँसम्म ल्याउन योगदान दिएका शशि पौडेलको शुभकामना सन्देश प्रस्तुत गरिएको थियो । सो अवसरमा संस्थामा दश बर्षदेखि निरन्तर सेवा गर्नुहुने शिक्षक, कर्मचारीहरु तथा नेडरल्याण्डका दाताहरुलाई सम्मान गरिएको थियो।

## अयोग्य लडाकुलाई रकम वितरण गर्ने निर्णय तत्काल खारेज गर्न एमालेको माग

**रासस**
काठमाडौं, १५ बैशाख

नेकपा (एमाले)ले तत्कालीन नेकपा (माओवादी)का अयोग्य लडाकुलाई रकम वितरण गर्ने गरी वर्तमान सरकारले निर्देशिका पारित गरेको निर्णय तत्काल खारेज गर्न माग गरेको छ।

प्रतिनिधिसभाको आजको बैठकमा एमालेका प्रमुख सचेतक पदम गिरी मुलुकको आर्थिक अवस्था नाजुक रहेको अवस्थामा शान्ति प्रक्रिया टुङ्ग्याउने नाममा अयोग्य लडाकुलाई वितरण गर्न रु एक अर्बभन्दा बढी रकम वितरण गर्ने तयारी गरेको आरोप लगाउनुभयो। उहाँले निर्माण सम्पन्न भएका परियोजनाको भुक्तानी, शिक्षकको पेन्सनबापत, निजामती कर्मचारीको पेन्सन भुक्तानीमा अपुग, सामाजिक सुरक्षा भत्ताको भुक्तानी बाँकी रहेको, राज्यले तिर्नुपर्ने ऋणको साँवा/ब्याज भुक्तानी बाँकीलगायत विषयमा अर्बौं रकम अपुग रहेको अवस्थामा राज्यको रकम मनपरि वितरण गर्न नहुने बताउनुभयो। प्रमुख सचेतक गिरीले स्थानीय तहको सामान्यीकरण बजेट कटौती भएको र सर्वसाधारणले सामान्य जोहोसमेत गर्न नसकेको अवस्थामा अयोग्य लडाकुका चार हजार आठ सय बढी व्यक्तिलाई राज्यको कोषबाट रकम वितरण गर्न खोज्नु दुःखद भएको टिप्पणी गर्नुभयो । साथै उहाँले यसअघि माओवादीका लडाकुका नाममा निकासा गरिएको रकमको हिसाबकिताबसमेत स्पष्ट नभएको बताउनुभयो । उक्त निर्णय तत्काल खारेज नभए आन्दोलन गर्ने उहाँको चेतावनी थियो। साथै उहाँले आफ्नो पार्टीका अध्यक्ष केपी शर्मा ओली केही दिनअघि झापाको कार्यक्रममा सहभागी भएका बेला केही व्यक्तिले अवान्छित गतिविधि गरेको र त्यस्ता व्यक्तिलाई सत्ता पक्षले उम्काउने प्रयास गरेको जनाउँदै छानबिन गरी दोषीलाई कारबाही गर्न माग गर्नुभयो।

## जनतासँग गरिएका प्रतिबद्धता पूरा गर्ने चुनौती : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, १५ बैशाख

गण्डकी प्रदेशका नवनियुक्त मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले जनतासँग गरिएका प्रतिबद्धता पूरा गर्ने चुनौती रहेको बताउनुभएको छ । नेपाली कांग्रेस गण्डकी प्रदेश कार्यसमितिद्वारा मुख्यमन्त्री तथा कांग्रेसका सांसदलाई सम्मानार्थ आयोजित कार्यक्रममा उहाँले जनअपेक्षालाई आत्मसात गर्दै अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो । पछिल्लो समयमा लोकतन्त्र एवं संविधानलाई असफल बनाउने गरी विभिन्न किसिमले अराजकता सिर्जना गर्ने प्रयास भइहेको बताउँदै उहाँले जनतालाई विश्वास दिलाउने किसिमले काम गर्नु अपरिहार्य भएको बताउनुभयो। कांग्रेस नेतृत्वमा भए गरेका कामको प्रचार गर्न नसकिएको बताउँदै उहाँले आगामी दिनमा सरकार र पार्टीबीच एक आपसमा समन्वय गर्दै अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो। कांग्रेस नेतृत्वको सरकारले गरेका राम्रा काम


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## अमेरिकी राजदूत थम्पसन पोउवा संघमा

**पोखरापत्र संवाददाता**
पोखरा, १५ बैशाख

नेपालका लागि अमेरिकी राजदूत डिन आर थम्पसनले स्थायित्व, खुलापन तथा महिला एवं सीमान्तकृत वर्गलाई मुलधारमा ल्याउन निजी क्षेत्रको भूमिका महत्वपूर्ण हुने बताएका छन् ।

राजदूत थम्पसनले व्यवसायीहरुको दक्षता अभिवृद्धि,उद्यमशीलता र जलवायू परिवर्तनलगायतका क्षेत्रमा निजी क्षेत्रसँगको सहकार्य जारी रहने पनि उनको प्रतिवद्धता रहेको छ । राजदूत थम्पसनले शुक्रबार पोखरा उद्योग वाणिज्य संघको प्रतिनिधिमण्डलसँगको भेटमा सो कुरा बताएका हुन् ।

पोखरा उद्योग वाणिज्य संघमा भएको भेटका क्रममा राजदूत थम्पसनले अमेरिकी सरकार हाल जारी सहयोगका परियोजनाहरुको निरन्तरताका साथै केही नयाँ कार्यक्रम सुरु गर्ने तयारीमा रहेको बताए । ती परियोजनाहरु नेपालको अर्थतन्त्र सुदृढीकरणको लागि भएको उनको भनाइ थियो । उनले भौगोलिक अवस्थितिका कारण पोखरा सूचना प्रविधि उद्योगको लागि उपयुक्त भएको पनि बताए ।'पोखरा युवाहरुको रोजाइको सहर हो, सूचना प्रविधिका कामहरु जहाँ बसेर पनि गर्न सकिन्छ,मात्र सही सीप चाहिन्छ,'उनले भने ।



उनले अमेरिकी सरकारबाट संचालित एमसीसी तथा अमेरिकी सहयोग नियोग (युएसएएड) मार्फत् भएका सहयोगले यहाँको विद्युत र यातायात एवं आर्थिक वृद्धिको लागि सहयोगी हुने विश्वास व्यक्त गरे। अमेरिकाले सन् १९६१ देखि संचालनमा ल्याएको पिस कर्प कार्यक्रम जारी रहने बताउँदै उनले आउँदो महिला पिस कर्पका स्वयंसेवक नेपाल आउने जानकारी दिए। 'उनीहरुले शिक्षा र खाद्य सुरक्षाको क्षेत्रमा काम गने छन्,'उनले भने । भेटका क्रममा राजदूत थम्पसनले पोखराको औद्योगिक एवं व्यावसायिक वातावरण,महिला र युवा उद्यमशीलताबारे चासो राखेका थिए। राजदूत थम्पसनसहितको प्रतिनिधिमण्डलाई स्वागत गर्दै पोखरा उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष एवं वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीले अमेरिकी सहयोगले यो क्षेत्रको विकासमा पुऱ्याएको योगदानको मुक्तकण्ठले प्रशंसा गरे । नेपाल-अमेरिका दौत्य सम्बन्धको ७५ वर्षे यात्राक्रमको चर्चा गर्दै उनले भने,'सन् १९६१ देखि नेपाल आउन सुरु गरेका पिस कर्पका भोलेण्टियरबाट प्रदान गरिएको शिक्षा र व्यावसायिक तालिम एवं यो क्षेत्रको पर्यटन विकासको लागि प्रदान गरिएको सहयोगलाई हामीले महत्वपूर्ण ठानेका छौं।'

कार्यवाहक अध्यक्ष कार्कीले पोखरा उद्योग वाणिज्य संघले उद्योगी/व्यवसायीहरुको हकहित रक्षाका अलावा सामाजिक कार्य गर्दै आइरहेको पनि जानकारी गराए । पोखरा हिमालपार व्यापारको केन्द्र भएको बताउँदै उनले पोखरा उद्योग वाणिज्य संघ पोखरा र समग्र गण्डकी प्रदेशलाई हस्तकला, बास्तुकलाको केन्द्र बनाउने अभियानमा लागेको जानकारी गराए । नविनतम् प्रविधिको उपयोग,उत्पादित बस्तुको ब्राण्डिङ र बजारीकरण गर्न नसक्दा नेपाली व्यवसायीहरु पछि परेको उल्लेख गर्दै उनले प्रविधि हस्तान्तरणको लागि अमेरिकासँग सहकार्य गर्न संघ तयार रहेको पनि बताए । संघकी उपमहासचिव शोभा गौतमले पछिल्लो समय पोखरामा महिला उद्यमशीलता फस्टाउँदै गए पनि महिलाकै नाममा सम्पत्ति नहुँदा, आवश्यक सीपको अभावले सोचेजस्तो अझै नभएको बताइन्। कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघका महासचिव बलराम आचार्यको पनि उपस्थिति रहेको थियो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# गण्डकी प्रज्ञा प्रतिष्ठानको स्थापना दिवसमा सात जना श्रष्टालाई सम्मान अर्पण

**पोखरापत्र संवाददाता**
पोखरा, १५ बैशाख

गण्डकी प्रदेशका विभिन्न क्षेत्रमा स्थापित बनिसकेका ७ जना श्रष्टा सम्मानित भएका छन् । गण्डकी प्रज्ञा प्रतिष्ठानले दोस्रो वार्षिकोत्सवको अवसरमा उनीहरुलाई शुक्रबार एक भव्य कार्यक्रमको आयोजना गरेर सम्मान अर्पण गरेको हो ।




यसरी सम्मानित हुनेहरुमा गण्डकी प्रज्ञा संस्कृति सम्मानबाट कास्कीका श्रष्टा तीर्थ श्रेष्ठ, गण्डकी प्रज्ञा साहित्य सम्मानबाट पर्वतका श्रष्टा शान्तिनारायण श्रेष्ठ, गण्डकी प्रज्ञा संगीत सम्मानबाट स्याङजाका श्रष्टा अम्मर गुरुङ पोखरेली, गण्डकी प्रज्ञा कला सम्मानबाट तनहुँका श्रष्टा आलोक गुरुङ छन् । उनीहरुलाई जनही एक लाख रुपैयाँ नगद, सम्मानपत्र, दोसल्ला सहित उच्च अदालत पोखराका मुख्य न्यायाधीश डिल्लीराज आचार्य, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय गण्डकीका सचिव हेमराज सुवेदी, गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सुर्य खड्का बिखर्ची, वरिष्ठ लोक दोहोरी गायिका हरिदेवी कोइराला, गण्डकी प्राविधिक शिक्षा तथा तालिम केन्द्रका निदेशक डा. सोमनाथ सापकोटा लगायतले सम्मान अर्पण गरें । यसैगरी गण्डकी प्रज्ञा प्रतिष्ठान नारी सम्मानबाट लमजुङकी माया गुरुङ सम्मानित भएकी छन् । उनलाई नगद पचास हजार रुपैयाँको साथमा सम्मानपत्र र दोसल्लाले सम्मान गरियो ।गण्डकी प्रज्ञा युवा सम्मानबाट मोती बहादुर कार्की परिवर्तन र लक्ष्मी थापा सम्मानित भएका छन् । उनीहरुलाई नगद २५ हजार रुपैयाँको साथमा सम्मानपत्र र दोसल्लाले सम्मान गरिएको हो ।

प्रतिष्ठानका कुलपति विखर्चीको संयोजकत्वमा गठन भएको छनोट समितिले उनीहरुलाई छनोट गरेको हो । छनोट समितिमा वरिष्ठ कलाकार दुर्गा बराल वात्स्यायन, वरिष्ठ लोक दोहोरी गायिका प्राज्ञ हरिदेवी कोइराला, प्रतिष्ठानका उपकुलपति गोरे गुरुङ र सदस्य सचिव मनकुमार श्रेष्ठ सदस्य रहेका थिए । गण्डकी प्रज्ञा प्रतिष्ठानको भानु हलमा आयोजित कार्यक्रममा सम्मानित श्रष्टाले धुनमा कविता सुनाए । यसैगरी झाँकी प्रदर्शन, नृत्य प्रस्तुती र गायन प्रस्तुती समेत कार्यक्रमको आर्कषणको रुपमा रहेका थिए । प्रतिष्ठानका कुलपति विखर्चीको अध्यक्षतामा भएको कार्यक्रममा उपकुलपति गोरे गुरुङले स्वागत र सदस्य सचिव मनकुमार श्रेष्ठले कार्यक्रम सञ्चालन गरेका थिए ।

साहित्यका सबै विधालाई महत्वका साथ स्थान दिँदै यिनको संरक्षण तथा प्रवर्द्धन गने ' कार्य गरिरहेको प्रतिष्ठानले यो वर्ष थप केही महत्वपूर्ण कार्य गरेको छ । गण्डकी प्रदेशको नाट्य क्षेत्रलाई लक्षित गरेर ' गण्डकी नाट्यदर्पण' प्रकाशन गरेको प्रतिष्ठानले गण्डकी प्रदेशका विभिन्न जिल्लाका २८ जना श्रष्टाको वायोग्राफी समेत तयार पारेको छ । परम्परागत गीत संरक्षणको र श्रष्टा स्वास्थ्य विमा कार्यक्रमको समेत थालनी गरेको छ । वाजा प्रशिक्षण, भाषा प्रशिक्षण, कार्यशाला लगायतका कार्यक्रमलाई यो वर्ष समेत निरन्तरता दियो । यसका अलावा गण्डकी प्रदेशमा आयोजना हुने कला, साहित्य, संगीत लगायतका कार्यक्रममा सहकार्य गरेर आफ्नो उपस्थिती समेत देखाइरहेको छ । प्रतिष्ठानको स्थापना २०७८ साल बैशाख १५ गते भएको थियो ।

# 'बन्दीपुरको विशेषता' पोखरामा परिचर्चा

**पोखरापत्र संवाददाता**
पोखरा, १५ बैशाख

देवीसरा सुनारद्वारा लिखित 'बन्दीपुरको विशेषता' कृतिको शुक्रवार एक समारोहबीच परिचर्चा गरिएको छ ।



कार्यक्रमका प्रमुख अतिथि अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज गण्डकी समितिका अध्यक्ष वरिष्ठ साहित्यकार दुर्गाबहादुर शाह बाबाले अध्ययन र लेखनलाई उमेरले कहिल्यै नछेक्ने बताए ।

कृतिको परिचर्चा गर्दै हेमजा साहित्य प्रतिष्ठानका अध्यक्ष समीक्षक बलराम पौडेलले देवीसरा सुनारको बन्दीपुरको विशेषता कृतिमा देवीसराको जीवनदर्शन अभिव्यक्त भएको बताए । कृतिकी स्रष्टा देवीसरा सुनारले हिमाल, पहाड, तराई जहाँका नेपाली रोए पनि सबैको आँसु एउटै हुने भएकाले आम नेपाली रुन नपरोस् भन्ने कामना गरेर कृति लेखेको बताइन् ।

उनले बन्दीपुर आफ्नो कर्मथलो भएकाले पुस्तक बजारमा बिके पनि नबिके पनि एउटा दस्तावेज बनाउनका लागि भावना र चिन्तानलाई समेटेर किताब निकालेको धारणासमेत राखिन् ।

कृतिकारकी छोरी सीता सुनारले पौढ शिक्षा आर्जन गरेकी आमाले कापीका पानामा लेखेर राखेका टुक्राटुक्रीलाई जम्मा गरेर कृति प्रकाशन गरेर सबैका माझ ल्याएको बताइन् । उनले प्रौढ शिक्षा पढ्दा आमा प्रथम भएको र घरमा बस्दा केही न केही लेखिरहने भएकाले वृद्धा अवस्थामा आफ्नो गाउँका बारेमा लेख्दै रहेकी आमाको इच्छा मर्न नदिनका लागि पहिला सानो र अहिले ठूलो आकारमा दोस्रो संस्करण कृति प्रकाशन गरेको बताइन् । कार्यक्रममा जरोटुप्पो संरक्षण साहित्य समाज नेपालका महासचिव मदन भण्डारीले समाजमा विकृतिको जालो मौलाएकाले त्यस्ता विकृतिलाई यस्तै सिर्जनशील कार्यले निस्तेज पार्नुपने ' बताए । गीताञ्जली साहित्य परिवारका कार्यसमिति सदस्य नरेन्द्र रानाभाटले साहित्य साधनामा लाग्दाको यात्रा र यसबाट आउने आनन्द अन्य कुनै वस्तुसँग तुलना हुन नसक्ने धारणा राखे । कार्यक्रममा गजलकार विष्णु वास्तोला, साहित्यसेवी प्रशान्त सुनार, समाजसेवी पुनम पोखरेललगायतले कृतिको सफलता र सर्जकको सुस्वास्थ्य र सुकीर्तिको कामना गरेका थिए ।

सोही समारोहबीच सुनारको लेखन यात्राको प्रोत्साहनका लागि हुर्जा गण्डकीद्वारा विशेष सम्मान गरिएको थियो । साथै उनका शुभेच्छुक शुभचिन्तकले पनि देवीसरालाई सम्मान गरेका थिए । मानवअधिकार पत्रकार संघ हुर्जा गण्डकीका अध्यक्ष असफल गौतमले अध्यक्षको आसनबाट बोल्दै ७१ वर्षको उमेरमा पनि यसरी सिर्जनशील जीवन बिताएकी देवीसराको सिर्जनशीलताको योगदानको कदर शब्दमा गरेर नसकिने र व्यवहारिक जीवनमा अनुशरण गर्नुपर्नेमा जोड दिए ।

हुर्जाका उपाध्यक्ष वीरेन्द्र सापकोटाको स्वागत मन्तव्य रहेको कार्यक्रमको सञ्चालन महासचिव सुशील श्रेष्ठले गरेका थिए ।

# जनतासँग...

पार्टीमार्फत कार्यकर्ता एवम् आम जनतामाझ पुऱ्याउनु जरुरी रहेको बताउँदै उहाँले एकआपसमा हाते मालो गर्दै अघि बढ्ने बताउनुभयो । कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले प्रजातन्त्रको विकल्प नरहेको बताउँदै मुख्यमन्त्रीसहित पार्टीका तर्फबाट जिम्मेवारी प्राप्त गर्ने जो कोही व्यक्ति मालिक नभै जनताको सेवक हुँ भन्ने भावनाका साथ काम गर्न आग्रह गर्नुभयो । गण्डकी प्रदेशको समृद्धिका लागि कांग्रेस गण्डकीले सङ्कल्पपत्र तयार गरेको बताउँदै उहाँले यसलाई हृदयङ्गम गरी नीति तथा कार्यक्रम बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो । गण्डकी प्राकृतिक साधनस्रोतमा सम्पन्न भए पनि त्यसको उपयोग हुन नसकेको बताउँदै उहाँले यिनीहरूको अधिकतम प्रयोगमार्फत जनताका आवश्यकतालाई सम्बोधन गर्दै स्वरोजगार अभिवृद्धि गर्न सकिने बताउनुभयो । जनतालाई सर्वोच्च ठानेर काम गरेमा कसैसँग डराउनु नपर्ने बताउँदै सभापति शर्माले विपीका विचारलाई आत्मसात गर्दै अघि बढ्न आग्रह गर्नुभयो । कार्यक्रममा सभापति शर्माले मुख्यमन्त्री पाण्डे, नवनियुक्त मन्त्री सरस्वती अर्याल तिवारी, एवम् कांग्रेसका तर्फबाट निर्वाचित सांसदलाई कांग्रेस गण्डकीले तयार गरेको सङ्कल्पपत्र र विपीको तस्बिर हस्तान्तरण गर्नुभयो ।

# पोखरा स्पोर्टस् अवार्डलाई सुपर मादी हाइड्रोको साथ

**पोखरापत्र संवाददाता**
पोखरा, १५ बैशाख

सुपर मादी हाइड्रो पावर लिमिटेडले सातौं पोखरा स्पोर्ट्स अवार्डलाई सहयोग गर्ने भएको छ । कास्कीको मादी गाउँपालिकामा रहेको सुपर मादीले लाइफटाइम अचिभमेन्ट अवार्डको पुरस्कार प्रायोजन गर्ने भएको मञ्चका महासचिव राजाराम पौडेलले जानकारी दिए । सहयोग सम्बन्धमा सुपर मादी हाइड्रो पावर कम्पनीका अध्यक्ष पुष्पज्योती ढुंगाना र मञ्चका अध्यक्ष दीननाथ बरालबिच शुक्रबार मौखिक सहमती भएको उनले खुलाए ।

वर्षायाममा ४४ मेगावाट क्षमताको सुपरमादीले अहिले १५ मेगावाट उत्पादन गरिरहेको प्रशासकिय अधिकृत सम्झना थापा क्षेत्रीले जनाइन् । आयोजनाबाट वार्षिक २४२ दशमलव ६५ गिगावाट घण्टा बिजुली उत्पादन हुनेछ । उत्पादित विद्युत् विद्युतगृहदेखि ९ किलोमिटर दूरीमा रहेको माथिल्लो मादी विद्युतगृह नजिकैको सबस्टेसनमा जोडिएको छ । सबस्टेसनसम्मको आवश्यक ३३ केभी प्रसारण लाइन कम्पनी आफैँले बनाएको हो । मादी किनारको कलबन्दीबाट सुरु हुने सुपर मादीको ६ किलोमिटर सुरुङ मार्ग छ भने कमजोर भौगोलिक अवस्थाका कारण करिब ८ सय मिटर पेनस्टक पाइप सुरुङभित्र जडान गरिएको छ । आयोजनाबाट उत्पादित विद्युत् नेपाल विद्युत् प्राधिकरणको लेखनाथ सबस्टेसनमा जोडिएको छ ।

यही वैशाख २३ गते शनिबार दिउँसो २ बजेबाट पोखरा सभागृह हलमा आयोजना हुने अवार्ड कार्यक्रममा लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उदीयमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अवार्ड प्रदान गरिने छ । वर्ष खेलाडी पुरुष र वर्ष खेलाडी महिला हुन सफल खेलाडीले टेल्जि नेपालको टाइगर इलेक्ट्रिक स्कुटर र ट्रफी हात पार्ने छन् । वर्ष उत्कृष्ट उदियमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक वर्ष उत्कृष्ट खेल पत्रकार र वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लबतर्फका विजेताले नगद ३५ हजार रुपैयाँको साथमा ट्रफी पाउने छन् । लाइफटाइम अचिभमेन्ट अवार्ड प्राप्त गर्नेनलाई चाँदीको करुवा, ट्रफी, ताम्रपत्र र दोसल्ला सम्मान गरिनेछ । अवार्ड कार्यक्रमलाई सफल बनाउन विभिन्न क्षेत्रबाट सहयोग प्राप्त भएको मञ्चले जनाएको छ । यसरी सहयोग गर्नेमा गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका, राष्ट्रिय खेलकुद परिषद, प्रदेश खेलकुद परिषद गण्डकी, सिटिजन फर्निचर ट्रेड लिंक, आभ्या क्लब, परिचय एड् भर्टाइजिङ, नेपाल पर्यटन बोर्ड, टेल्जि नेपाल, मझेरी रिर्सोट एण्ड स्पा, सहारा युके, सहारा युकेका संस्थापक सल्लाहकारद्वय महेश गुरुङ र लोक बहादुर गुरुङ, भलिबलका पूर्व राष्ट्रिय खेलाडी तथा प्रशिक्षक मञ्जु गुरुङ, पूर्व राष्ट्रिय खेलाडी तथा समाजसेवी रुपक गुरुङ, रामबजार सोसाइटि युकेका अध्यक्ष राम गुरुङ, समाजसेवी चिनकाजी गुरुङ, पोखरेली मञ्च युकेका सल्लाहकार नरजङ्ग गुरुङ रहेका छन् । नेपाल औषधी व्यसायी संघ कास्की, अन्नपूर्ण गाउँपालिका, माछापुच्छे गाउँपालिका, रुपा गाउँपालिका, मादी गाउँपालिका, केल्मीको नेपालको लागि आधिकारीक बिक्रेता कामारु ट्रेडिङ प्रा.लि., हाम्रो हस्तकला काठमाण्डौं, पब्लिक टेलिभिजन, सरुमा चुलो, भूतपूर्व खेलाडी मञ्च, नेपाल हवाई खेलकुद संस्था, सहारा हडकङ, क्लासिक चुलो, वल्ड लिंक, होटल बाराही, फुडमाण्डु, पोखरा महानगरपालिका वडा नं.३, ४, ९ र १५, पश्चिमाञ्चल सामुदायिक अस्पताल, लगायतले समेत सघाउने तय भैसकेको छ । यसैगरी उदीयमान खेलाडीको पुरस्कार सहारा क्लब पोखरा, उत्कृष्ट प्रशिक्षकको पुरस्कार ह्यूस्टन एजुकेसन, उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब तर्फको पुरस्कार टाईगर ग्रुप्र अफ पोखरा नेपाल तथा उत्कृष्ट खेल पत्रकारको पुरस्कार रामबजार निवासी स्व.सेनानी हेमबहादुर पुनको परिवारले प्रायोजन गर्ने सम्झौता भएको मञ्चका महासचिव पौडेलले जनाए ।

# डेभिजफलको सार्वजनिक शौचालय उद्घाटन

**पोखरापत्र संवाददाता**
पोखरा, १५ बैशाख

पोखरा महानगरपालिका वडा नं. १७ डेभिजफलमा गुप्तेश्वर महादेव गुफा र छोरेपाटन माबी पार्किङ ब्यवस्थापन समितिद्धारा नवनिर्मित सार्वजनिक शौचालयको शुक्रबार पोखरा-१७ की वडा अध्यक्ष राधिका शाही योगीले उद्घाटन गर्नुभएको छ ।



वडा अध्यक्ष योगी शौचालयको उद्घाटन गर्दै कर्मचारी राखेर शौचालयको नियमित सरसफाइ गर्न, पार्किङको सौन्दर्यकरणमा विशेष ध्यान दिन, फ़ोहोरको व्यवस्थापन, पर्यटकको लागि चमेना गृह, कर्मचारीको व्यवस्थापन गर्नुपर्ने वताउनु भएको थियो । निवर्तमान वडा अध्यक्ष तिर्थराज अधिकारीले अध्ययन गरेर परियोजना अनुरुप काम गर्न अनुरोध गर्दै देशविदेशका पर्यटक आउने भएकोले वगैंचा सहितको नमुना पार्किङ वनाउन सुझाव दिनु भएको थियो । त्यसैगरी गुप्तेश्वर महादेव गुफा ब्यबस्थापन समितिका अध्यक्ष लक्ष्मण बास्तोला, छोरेपाटन माबी ब्यबस्थापन समितिका अध्यक्ष कृष्ण लम्साल, गुप्तेश्वर महादेव बहुमुखी क्याम्पस ब्यबस्थापन समिति अध्यक्ष श्रीराम सुवेदी लगाएतले वोल्नु भएको थियो । समितिका सदस्य इश्वरी प्रसाद लम्सालले शौचालय निर्माणको आयव्यय प्रस्तुत गर्दै ३५ लाख खर्च भएको वताउँदै उक्त शौचालय निर्माणको लागि मुख्य गरी छोरेपाटन मावि, गुप्तेश्वर महादेव गुफा र वडा कार्यालयबाट आर्थिक सहयोग प्राप्त भएको वताए ।

समितिका अध्यक्ष झपिन्द्रराज रेग्मीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत समितिका सदस्य युवराज लामिछाने (युवक) र संचलन हरिप्रसाद लम्सालले गरेका थिए ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# बजेट अभावले पर्वतका ७६ खानेपानी योजना अधुरै

पोखरापत्र संवाददाता
पोखरा, १५ बैशाख

लागत अनुमानअनुसार बजेट विनियोजन नहुँदा पर्वतका छ दर्जनभन्दा बढी खानेपानी योजना अधुरै छन् ।

एक घर एक धारा पुऱ्याउने लक्ष्यसहित विसं २०७५ मा बढीमा दुई वर्षभित्र सक्नेगरी सुरु गरिएका करोडौँ लागतका ती आयोजना दशकौँ बितिसक्दा पनि बजेट अभावमा अलपत्र बनेका हुन् ।

जिल्लाका सातवटै पालिकामा रहेका ती योजनालाई पूर्णता दिन तीनै तहका सरकारले पर्याप्त बजेट विनियोजन नगरेको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयले जनाएको छ । उक्त कार्यालयका इञ्जिनियर शिवशङ्कर शाहका अनुसार हाल जिल्लाभर रु तीन करोडदेखि रु २० करोड लागत अनुमानका ७६ खानेपानी आयोजना छन् । ती सबै आयोजना सम्पन्न गर्न चालु वर्षको दरेटअनुसार करिब रु तीन अर्ब बजेट आवश्यक पर्दछ । मन्त्रालयबाट आउने बजेट बर्सेनि पाँच प्रतिशतभन्दा बढ्न सकेको छैन । सबै आयोजना आर्थिक वर्ष २०७५/७६ मा सम्पन्न हुनुपर्ने हो । ती आयोजनाको लागत अनुमानअनुसार काम हुन बर्सेनि कम्तीमा रु ५० करोड बजेट आवश्यकपर्नेमा चालु वर्ष झण्डै रु १३ करोड मात्रै आएको उहाँले बताउनुभयो । "यो वर्ष आवश्यक बजेटको पाँच प्रतिशत पनि बजेट छैन", इञ्जिनियर शाहले भन्नुभयो, "हामीले सबै काम द्रुतगतिमा गर्छौं भनेर भएन । सबै आयोजना पाइपलाइनमै छन् । बजेटै नभएपछि काम अघि बढाउन नसक्दा थुप्रै आयोजना सम्पन्न नहुँदै भग्नावशेषमा परिणत भएका छन् । बजेट अभावका कारण फिल्डमा खटिने कर्मचारीलाई दैनिक भत्ता दिनसमेत सकिएको छैन ।" सञ्चालित अधिकांश आयोजना उपभोक्ताको सहलगानीमा सञ्चालित छन् । प्रत्येक आयोजनामा उपभोक्ताले २० प्रतिशत श्रमदान र मर्मतसम्भार कोषमा एक प्रतिशत नगद जम्मा गर्नुपर्छ । सञ्चालित अधिकांश आयोजनाका उपभोक्ता समितिले आफ्नो जिम्मेवारीको काम सके पनि बजेट अभावकै कारण कार्यालयले काम अघि बढाउन नसकेको हो । घरघरै पानी पाउने आशामा श्रमदान र मर्मतसम्भार कोष जम्मा गरेका वाहाकी शालिग्राम खानेपानी आयोजनाका उपभोक्ता पानीको आसैआसमा पुस्ता बित्न लागेको भन्दै निराश बनेका छन् । दुई वर्षमा सक्नेगरी आर्थिक वर्ष २०७५/७६ मा सुरु भएको बृहत् शङ्करपोखरी खानेपानी आयोजनाको लागत अनुमान रु १८ करोडको थियो । उक्त आयोजनाका लागि बर्सेनि रु १८ देखि २० लाखका दरले मात्रै बजेट प्राप्त भए पनि अहिलेसम्म सम्पन्न हुन नसकेको स्थानीयवासी कमल भुसालले बताउनुभयो । तीन वर्षमा सकेनगरी २०७५ मा सुदूर दक्षिणमा सुरु गरिएको वहाकी शालिग्राम खानेपानी आयोजनाको काम नसक्दै जीर्ण बनेको छ । वाहाकी र शालिग्रामका दुई सय ५० घरधुरीलाई एक वर्षमा घरघरै धारा पुऱ्याउने लक्ष्यसहित सुरु गरिएको आयोजना अपुरो बनेको हो । यो आयोजनालाई चालु वर्ष रु १० लाखमात्रै बजेट रहेको कार्यालयले जनाएको छ । विसं २०६४ मा सुरु भएको मोदी गाउँपालिका-६ को चित्रे-तिलाहार खानेपानी आयोजना पनि निर्माण सम्पन्न नहुँदै जीर्ण बनेको उपभोक्ताको गुनासो थियो । उक्त आयोजनाका लागि चालु वर्षमा रु १८ लाख मात्रै बजेट विनियोजन भएको छ । विसं २०७१ मा रु आठ करोड लागत अनुमान गरी सुरु गरिएको लुङ्खु खानेपानी आयोजना बजेट अभावकै कारण अलपत्र बनेको स्थानीय जीवन उच्चैठकुरीले बताउनुभयो ।

दक्षिण पर्वतको पैंयु गाउँपालिकाको केन्द्र हुवासमा सुरु गरिएको हुवास छहरा खानेपानी आयोजनाको हालत पनि उस्तै छ । झण्डै आठ हजार स्थानीयवासीलाई घरघरै धारा पुऱ्याउने लक्ष्यसहित सुरु गरिएको उक्त आयोजना डेढ दशक बितिसक्दा पनि पूरा हुन नसकेकाले स्थानीयवासी आक्रोशित भएका छन् । एक घर एक धारा पुऱ्याउने सङ्घीय र प्रदेश सरकारको लक्ष्य भए पनि पर्याप्त बजेट नहुँदा १५ वर्षअघिदेखिका योजनासमेत पूरा हुन नसकेको इञ्जिनियर शाहले बताउनुभयो ।

# पद्म नर्सिङ होम नदिपुरले सत्यता सहकारीलाई उपचारमा छुट दिने

पोखरापत्र संवाददाता
पोखरा, १५ बैशाख

पद्म नर्सिङ होम प्रा.लि.ले सत्यता बचत तथा ऋण सहकारी संस्था लि.का सेयर सदस्यलाई उपचारमा छुट प्रदान गर्ने भएको छ । पोखरा -३ नदिपुर स्थित पद्म नर्सिङ होम प्रा.लि.ले पोखरा -२६ मा कार्यलय रहेको सत्यता बचत तथा ऋण सहकारी संस्था लिमिटेडका सेयर सदस्यलाई नर्सिङ होममा उपचार गराउदा विशेष छुट सुविधा उपलब्ध गराउने सम्झौता गरेको हो ।

दुवै संस्था बिच शुक्रबार उपचारमा छुट सुविधा दिने सम्बन्धि सम्झौता पत्रमा हस्ताक्षर भएको छ । नर्सिङ होमको तर्फबाट प्रबन्ध निर्देशक नेरन्द्र बास्तोला र सहकारीका तर्फबाट अध्यक्ष निकिता सुवेदीले सम्झौता पत्रमा हस्ताक्षर गर्नुभएको छ । सम्झौता अनुसार नर्सिङ होमले सहकारीका शेयर सदस्यहरुलाई बहिरङ (ओपिडी) सेवा बाहेकका अन्य उपलब्ध सेवाहरुमा २० प्रतिशत र औषधीमा ५ प्रतिशत छुट दिने पद्म नर्सिङ प्रा.लि. सहायक व्यवस्थाक नरेश पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार छुट सेवा प्राप्त गर्नका लागि नर्सिङ होमले उपलब्ध गराएको सहुलियत कार्डमा सहकारीको आधिकारीक व्यक्तीले प्रमाणीत गरेर पठाउनु पर्ने छ । सम्झौतालाई आवश्यकता अनुसार परिमार्जित गरेर हरेक बर्ष नवीकरण गर्न सकिने नर्सिङ होमले जनाएको छ ।

सम्झौतामा हस्ताक्षर गर्दै नर्सिङ होमका प्रबन्ध निर्देशक बास्तोलाले आफ्नो संस्था नाफा मुलक मात्रै नभई सेवा भावलाई प्राथमिकतामा राखेर अगाडि बढिरहेको भन्दै सबैको पहुँचमा स्वास्थ्य सेवा पुर्याउने लक्ष लिएको बताउनुभयो । आफुहरुको परिवारको सदस्यको रुपमा सत्यता सहकारी थपिएको र आगामी दिनमा छुट सुविधालाई थप गर्दै लगिने प्रतिबद्धता पनि उहाँ व्यक्त गर्नुभयो ।सहकारीका अध्यक्ष सुवेदीले आफ्नो संस्था संग नर्सिङ होमले सहकार्यको सुरुवात गरेकोमा खुसी व्यक्त गर्दै नर्सिङ होमको थप प्रगतिको कामना गर्नुभयो ।

बिगत २८ बर्ष देखि पोखराको न्युरोडमा भाडाको भवनमा संचालनमा रहेको यस क्षेत्रकै पहिलो निजी अस्पताल पद्म नर्सिङ होम प्रा.लि. गत असोज देखि पोखरा -३, नदिपुर स्थित आफ्नै सुविधा सम्पन्न भवनबाट संचालनमा आएको थियो ।

हस्पिटलमा २४ सै घण्टा आकस्मिक सेवा, मुटु तथा मेडिकल, जनरल सर्जरी, आँखा सम्बन्धि रोग, हाडजोर्नी तथा नशा रोग, नाक कान घाँटी सम्बन्धि रोग, बालरोग, स्त्रीरोग, छाला तथा एलर्जी, बाल दन्तरोग, नसा तथा मानसिक रोग लगायतका बहिरंग (ओपिडी) सेवा संचालनमा छन् । यस्तै अत्याधुनिक प्रयोगशाला, सबै प्रकारका अप्रेसन सेवाहरु, आइसियु, एनआईसियु , एक्सरे ,भिडियो एक्सरे, इण्डोस्कोपी, कोल्नोस्कोपी, इकोकार्डियोग्राफी, एलर्जी परिक्षण एवं स्किन लेजर सर्जरी लगयतका सेवाहरु पनि संचालनमा रहेको हस्पिटलले जनाएको छ ।

# बुबाको मृत्यु, आमा जेलमा, छोराको बिचल्ली

- ध्रुवसागर शर्मा
गलेश्वर, १५ बैशाख

आमाबुबाको काखमा लुटपुटिएर बालापनको आनन्द लिनुपर्ने उमेरका छ वर्षीय निमेश खड्काका आमा कर्तव्य ज्यान मुद्दामा जेलमा र उनका बुबाको जेलमै मृत्यु भएपछि बिचल्लीमा परेका छन् ।

म्याग्दीको बेनीनगरपालिका-९, घतानका छ वर्षीय अवोध बालक खड्का आमा र बुबाको कर्मको फल भोग्दै बिचल्लीमा परेका हुन् । अवोध बालकको दयनीय अवस्था देख्न नसकेर बेनीका होटल व्यवसायी कृष्णप्रसाद बरुवालले खड्कालाई अस्थायी आश्रयमा लिनुभएको छ । जिल्ला अदालत म्याग्दीले निमेशका बुबा उत्तम र आमा मनिषा सुवेदी खड्कालाई आफन्तको मनशायपूर्वक हत्याको कसुरमा दोषी ठहर गरे पछि निमेशकी आमा मनिषा जेल जीवन बिताइरहनु भएको छ भने बुबा उत्तमको जेलमा नै मृत्यु भएको छ ।

आमाबाबुले गरेको गल्तीको सजाय निमेशले पनि केहीसमय जेलभित्रै बसेर बिताएका थिए । बेनीस्थित शिखर होटलका सञ्चालक बरुवालले अस्थायी संरक्षण गरेका निमेशले बेलाबेलामा आमासँग बोल्न खोजेपछि कारागार प्रशासनलाई जानकारी गराउने गर्नुभएको छ ।

खाने, खेल्ने र रमाउने उमेरमा निमेश बेसाहाराजस्तै भएका छन् । निमेशलाई बरुवालले बेनी कै समता विद्यालयमा पढ्न पठाउनुहुन्छ । "पढाइ राम्रो छ, पढ्न मात्रै खोज्छ, आमा जेलमा परेपछि रेखदेख गर्ने मान्छे घरमा नहुँदा होटल मै राखेको छु", बरुवालले भन्नुभयो । जेलभित्रै रहेकी निमेशकी आमा मनिषाले आफ्नो छोरालाई शिक्षादीक्षाको लागि सहयोग गरिदिन देशविदेशमा रहेका मनकारी व्यक्ति र सङ्घसंस्थासँग अपिल गर्नुभएको छ । आफू जेल परेको र बुबाको मृत्यु भएकाले बिचल्लीमा परेको छोराको पालन पोषण कुनै संस्था वा दाताले सहयोग गरिदिए ठूलो गुनमाने उहाँले बताउनुभयो । "छोरालाई बाँच्न र पढ्न सघाउनु होला, जेलबाट छुटेपछि जीवन भर तपाईँको सेवा गर्नेछु", मनिषाले भन्नुभयो ।

विदेशमा छु भन्दै छोरालाई फोन

कर्तव्य वा भवितव्य जुनसुकै प्रकारको अपराधमा लागेका भए पनि आफ्ना सन्तानका लागि आमाको मन वात्सल्यपूर्ण हुन्छ नै । अभिभावकजस्तै खराब भए पनि उसले आफ्ना सन्तान खराब होउन् भन्ने चाहँदैनन् । मनिषाले पनि आफू जेलमा रहेको कुरा छोराले थाहा नपाओस् भनेर विदेशमा छु छोरा भनेर फोन गर्ने गर्नुभएको छ । "आमाछोराको फोनमा कुराकानी हुन्छ, छोरालाई विदेशमा छु भन्दै आमाको फोन आउँदा भावुक हुन्छु", होटल शिखरका सञ्चालक बरुवालले भन्नुभयो । मनिषाले छोरालाई वैदेशिक रोजगारीबाट १० वर्षपछि मात्रै फर्कने बताउने गर्नुभएको छ ।

मुलुकी अपराधसंहिता २०७४ को दफा ४१ बमोजिम पुनरावेदन अदालत बागलुङले तोकेको सजाय भुक्तान गरी जेलबाट छुट्ने समयलाई उहाँले विदेशबाट फर्कन्छु भनेर छोरालाई फोनमा बताउने गर्नुभएको छ । छोरा निमेशलाई धेरै धन कमाएपछि मात्रै घर फर्कने भन्दै फोन गर्ने आमा मनिषा कर्तव्य ज्यान मुद्दामा जेल सजाय भोगिरहनु भएको छ । आमा-छोराको मिठो खाने, राम्रो लगाउने अनि धेरै पढ्ने विषयमा भलाकुसारी हुन्छ ।

वडाको पहलमा सहयोग जुटाइँदै

यता बेनीनगरपालिका-९ का वडा अध्यक्ष चक्र केसीले आमाबुबाको अपराधको सजाय छोराले भोग्न नहुने भन्दै वडाले संरक्षण गर्ने सहयोग जुटाउने बताउनुभयो । "अवोध बालक निमेशको भविष्य अँध्यारो भएको छ, सबैको साथ र सहयोगको आवश्यकता छ", वडा अध्यक्ष केसीले भन्नुभयो । सन्तानको सबभन्दा ठूलो खुशी आमा हुने भएकाले आमाको अभाव हुननदिने गरी उचित संरक्षण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

# ढोरपाटनमा पाँच वर्षदेखि बँदेलको सिकार हुन सकेन

पोखरापत्र संवाददाता
बागलुङ, १५ बैशाख

ढोरपाटन सिकार आरक्षण क्षेत्र आसपासका किसान बँदेलले बालीमा क्षति पुऱ्याउँदा हैरान छन् । बारीमा लगाएको आलु, फापर र तरकारीमात्रै होइन घरमा रहेका स-साना बालबालिका र वृद्धवृद्धा बँदेलको आक्रमणमा पर्लान् भन्ने त्रास छ ।

सिकार आरक्षमा बँदेलको सङ्ख्या बढ्दो छ । वैधानिकरूपमा अनुमति लिएर बँदेलको सिकार गर्न पाइन्छ । तर पछिल्लो पाँच वर्षमा बँदेलको सिकार हुनसकेको छैन । आरक्षमा बँदेल सिकारीको रोजाइमा बँदेल परेन । नाउर, झारल, बँदेल, रतुवा र मृगको सिकार हुँदै आएको ढोरपाटनमा आर्थिक वर्ष २०७३/७४ पछि बँदेलको सिकार हुन नसकेको ढोरपाटन सिकार आरक्षका प्रमुख संरक्षण अधिकृत वीरेन्द्र कँडेलले बताउनुभयो ।

ढोरपाटनमा हरेक वर्ष असोज-कात्तिक र फागुन-वैशाखयाममा नाउर, झारल र बँदेल सिकारका लागि बोलपत्र आह्वान गरेर अनुमति दिइन्छ । हरेक वर्ष नाउर र झारलको सिकार भइरहे पनि बँदेलको सिकार शून्य रहेको प्रमुख संरक्षण अधिकृत कँडेलले बताउनुभयो ।

ढोरपाटनमा गत आव २०७८/७९ देखि नाउर र झारलको सिकार गरे पनि बोनसको रूपमा बँदेलको सिकार गर्न रोक लगाएर छुट्टै अनुमति लिनुपर्ने व्यवस्था गरिएको हो । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट यस वर्षको दोस्रो सिजनमा १२ नाउर, नौ झारल र ११ बँदेलको अन्तर ष्ट्रिय बोलपत्र आह्वान गरिए पनि बँदेलको सिकारका लागि सिकारीले इच्छा नदेखाएका हुन् । कँडेलले यस वर्षको अघिल्लो याम (असोज-कात्तिक)मा बोलपत्र स्वीकृत भए पनि दुई नेपाली सिकार गर्न नआएको बताउनुभयो । "अघिल्लो याम बोलपत्र स्वीकृत भए पनि बँदेल सिकारका लागि सिकारी आएनन्", कँडेलले भन्नुभयो, "यस वर्ष बोलपत्र स्वीकृत नभएपछि सिकारी यस याममा पनि नआउने निश्चित देखिन्छ ।" बँदेल सिकार रातिमा उत्तम रहेकाले पनि सिकारीले इच्छा नदेखाएको हुनसक्ने प्रमुख संरक्षण अधिकृत कँडेलले बताउनुभयो । पहिले नाउर र झारलको सिकार गरेवापत बोनसका रूपमा रतुवा र बँदेल एक-एकवटा सिकार गर्न दिइने गरे पनि अहिले त्यसको व्यवस्था नभएको हिमालयन आउट फिटर्सका सञ्चालक अतुल खड्काले बताउनुभयो । उहाँले अहिले बँदेलको सिकारका लागि पनि बोलपत्रमार्फत स्वीकृत हुनुपर्ने भएकाले सिकारीले इच्छा नदेखाएको बताउनुभयो ।

सञ्चालक खड्काले नेपालीका लागि सिकार गर्न विभागले सहज वातावरण बनाइदिनुपर्ने बताउनुभयो । प्रक्रिया नबुभेर पनि नेपाली सिकारी नआउने गरेका हुन् । त्यसका लागि विभागले जानकारी दिनुपर्ने उहाँको धारणा छ । स्थानीय गङ्गा भण्डारीले ढोरपाटनवासीको मुख्य खेती आलु भए पनि बँदेलले क्षति पुऱ्याउँदा हरेक वर्ष घरव्यवहार चलाउन गाह्रो पर्दै आएको बताउनुभयो ।

# एकसाथ तीन चलचित्र प्रदर्शनमा

रासस
काठमाडौं, १५ बैशाख

शुक्रबार एकसाथ तीन चलचित्र प्रदर्शनमा आएका छन् । 'प्रसाद २', 'नाई नभन्नु ल ६' र 'कैदीको पत्र' बैशाख १५ मा प्रदर्शनमा आएका हुन् ।

गत सोमबार काठमाडौंमा गरिएको प्रिमियरमा सकारात्मक प्रतिक्रिया पाएको 'प्रसाद २' शृङ्खलाबद्ध रूपमा आएको चलचित्र हो । 'प्रसाद' कै कथालाई अगाडि बढाइएको लेखक सुशील पौडेलले जानकारी दिनुभयो ।

अभिनेता विपीन कार्कीले बाबुराम र अभिनेत्री केकी अधिकारीले नारायणीको भूमिका निर्वाह गर्नुभएको छ । सहरमा घटेका घटनाक्रमलाई साथ रहेर सामना गरेका बाबुराम दम्पती गाउँ फर्किने तयारी गर्छन् । देशमा आएको परिवर्तन गाउँसम्म पुगेको आशामा सुखी जीवन बिताउने सपना बोकेर उनीहरू आफ्नै थलोमा फर्किन्छन् । उनीहरू बस्ने गाउँलाई सुन्दरबस्ती भनिए पनि त्यहाँ विभेद कायम नै छ । मूल कथा प्रेम बनाइए पनि परिवर्तनलाई संस्थागत गर्न राजनीतिको सहायता लिइएको छ । सुदर्शन थापाको निर्देशनमा तयार भएको चलचित्रमा अर्पण थापा, महेश त्रिपाठी, विशाल पहाडी, कमलमणि नेपाललगायतका कलाकारले अभिनय गर्नुभएको छ । नेपालमा शृङ्खलाको रूपमा चलचित्र निर्माणको सुरुआत गर्ने 'नाई नभन्नु ल' को छैटौं शृङ्खला प्रदर्शनमा आएको छ । विगतमा निर्माण भएका पाँच शृङ्खलाले दर्शकको मन जितेपछि निर्देशक विकासराजआचार्यले पटकथाकार सामीप्यराज तिमल्सेनासँगको सहकार्यमा यसलाई तयार गर्नुभएको हो ।

चलचित्रमा आँचल शर्मा, प्रियङ्का कार्की, केकी अधिकारी, सरोज खनाल, आशिर्वाद क्षेत्री, अथर्व उप्रेतीलगायतको अभिनय छ । यसपटकको कथामा बालप्रेममा मात्र केन्द्रित नभई विभिन्न पक्षलाई समेटिएको पटकथाकार तिमिल्सिनाले जानकारी दिनुभयो । "चलचित्रमा चाहिने सम्पूर्ण पक्षलाई समेटिएको छ । विशुद्ध प्रेमकथामा बनेको चलचित्र द्वन्द्वमार्फतसमेत मनोरञ्जन दिन्छ", पटकथाकार तिमल्सेनाले भन्नुभयो । प्रदर्शनमा आएको चलचित्र 'कैदीको पत्र'लाई सनमकुमार बैरागले निर्देशन गर्नुभएको हो । एक युवक, उसको वरपर सम्बन्धित हुने व्यक्ति र प्रेम सम्बन्धमा आउने उतार चढावलाई चित्रण गरिएको चलचित्रमा जीवनमा पाएको खुसीलाई सम्हाल्न नसक्दा मानिसले व्यहोर्नुपर्ने उतारचढाव र भोगनुपर्ने कठिनाइलाई प्रस्तुत गरिएको छ ।

साहित्यकार स्व ईश्वर मानन्धरद्वारा लिखित कथा 'कैदीको पत्र'मा आधारित रही तयार चलचित्रमा कुनाल विश्व र ब्रिटिश अभिनेत्री म्याडिसन लाजारस, सलिना थापामगर, पृथ्वीराज खत्री, सुवर्ण थापा, मनिष श्रेष्ठ, सुस्मिता थापा, क्यारी डोइस, किरण कार्कीलगायतले अभिनय गर्नुभएको छ ।

# लुम्बिनी प्रदेशका मुख्यमन्त्री चौधरीद्वारा पदभार ग्रहण

रासस
लुम्बिनी, १५ बैशाख

लुम्बिनी प्रदेशका नवनियुक्त मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले शुक्रबार पदभार ग्रहण गर्नुभएको छ ।

बुटवलस्थित प्रदेश प्रमुखको कार्यालयमा आयोजित सपथ ग्रहण कार्यक्रममा प्रदेश प्रमुख अमिक शेरचनबाट पद तथा गोपनीयताको सपथ लिएपछि उहाँले प्रदेश राजधानी राप्ती उपत्यका देउखुरीमा स्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयमा पदभार ग्रहण गर्नुभएको हो । पदभार ग्रहणपछि मुख्यमन्त्री चौधरीले राजधानी कार्यान्वयनको जिम्मेवारी सरकारको काँधमा आएको बताउनुभयो । उहाँले प्रदेशको स्थायित्व र विकासका लागि सरकारले प्राथमिकताका साथ काम गर्ने बताउनुभयो । "राजधानी घोषणादेखि कार्यान्वयनमा हामी सँगसँगै छौँ", उहाँले भन्नुभयो, "हामी सहभागी अघिल्लो सरकारले राजधानी कार्यान्वयन र पूर्वाधार निर्माणको काम गरेको थियो । अहिले पनि निरन्तरता दिन्छौं ।" नवनियुक्त मुख्यमन्त्री चौधरीलाई संविधानको धारा १६८ को उपधारा २ बमोजिम प्रदेश प्रमुख शेरचनले आज मुख्यमन्त्रीमा नियुक्त गर्नुभएको हो ।

गत पुस २७ गते नेकपा (माओवादी केन्द्र) सहितका दलको समर्थनमा सरकारको नेतृत्व गर्नुभएका नेकपा (एमाले) संसदीय दलका नेता लीला गिरीले गत सोमबार प्रदेशसभामा दोस्रो पटक राख्नुभएको विश्वासको मतको प्रस्ताव बहुमतले अस्वीकृत गरेपछि उहाँको नेतृत्वको सरकार ढलेको हो ।

मुख्यमन्त्री चौधरी नेपाली काँग्रेसका २७, माओवादी केन्द्रका ११, नागरिक उन्मुक्ति पार्टीका चार, जनमत पार्टी, जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीका तीन/तीन, राष्ट्रिय जनमोर्चा, नेकपा एकीकृत समाजवादीका एक/एक जना र स्वतन्त्र एक सांसद गरी ५३ प्रदेशसभा सदस्यको समर्थनमा मुख्यमन्त्री नियुक्त हुनुभएको हो ।